# टोखा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी,
काठमाडौं
३ नं प्रदेश, नेपाल


पत्र संख्या :- ०७५/०७६
चलानी नं :- ४०३९

मिति: २०७६/३/१५

विषय: **कार्यक्रममा सहभागिता गराई दिने सम्बन्धमा ।**

श्री वडा कार्यालयहरु, सबै
टोखा नगरपालिका, काठमाण्डौ ।

उपरोक्त सम्बन्धमा news24 टेलिभिजनले "उप-प्रमुखज्यूसंग आज" कार्यक्रम अन्तर्गत यस नगरपालिकाका उप-प्रमुख ज्ञानमाया डंगोलज्यूको अन्तर्वार्ता तपशिल बमोजिमको मिति, समय र स्थानमा हुने सो वडाबाट सहकारी, समूह, महिला दलित, अपांगता भएका व्यक्ति, ज्येस्ठ नागरिक, जनजाती, सिमान्तकृत समुदायबाट प्रतिनिधित्व गराई दिनुहुन अनुरोध छ ।

**तपशिल :**

मिति: २०७६, आषाढ १७ गते, मंगलवार
समय: विहान १० बजे
स्थान: ३ नं. वडा कार्यालय, टोखा सरस्वती ।

(बासुदेव भेटवाल)
शाखा अधिकृत


सम्पर्क नं : ०१-४३८५०१३/०१-४३८८४०५ Email : hellotokha@gmail.com/Website: www.tokhamun.gov.np

Regd No. 125259/070/71
PAN No. 602403568

ICID

INSTITUTE OF COMMUNICATION, INFORMATION AND DEVELOPMENT PVT. LTD.

मिति : २०७६/०३/१५

श्री सामाजिक शाखा
३१९६

श्री प्रमुखज्यू,
*सामाजिक विकास शाखा*
*टोखा नगरपालिका*
*काठमाडौं ।*

विषय : न्यूज २४ बाट प्रशारण भइरहेको टेलिभिजन कार्यक्रम
'उपमेयरसँग आज' को लागि सहभागी जुटाई सहयोग गरिदिने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्वन्धमा यस संस्था ICID ले विभिन्न नगरपालिकाहरुको सहकार्यमा साप्ताहिक टेलिभिजन कार्यक्रम उपमेयरसँग आज कार्यक्रम संचालन गर्दै आइरहेको छ । महिलाका सवालहरुको सुक्ष्म अध्ययन, विश्लेषण तथा तार्किक सवालजवाफहरु मार्फत लक्षित वर्गमैत्री स्थानीय सरकार संचालनको सन्दर्भमा प्रत्यक्ष जननिर्वाचित नगर उप–प्रमुखहरुको धारणाहरु के कस्ता रहेका छन् भन्ने विषयमा प्रत्यक्ष रुपमा छलफल गरी, गराई उनीहरुको अधिकारको संरक्षण तथा नगर विकासमा प्रत्यक्ष, अर्थपूर्ण सहभागिताको लागि ***स्थानीय सरकारमा लक्षित वर्गका मुद्दाः उठानदेखि समाधानसम्म*** भन्ने नाराका साथ **"उपमेयरसँग आज"** कार्यक्रम संचालन गरिएको हो ।

सामाजिक न्याय, विभेदमुक्त समाज तथा समृद्ध नेपाल निर्माणको लागि यो कार्यक्रम एक महत्वपूर्ण कडीको रुपमा स्थापित हुने अपेक्षा राखेका छौं । महिला, दलित, जनजाती, ज्येष्ठ नागरिक, अपांगमैत्री ऐन, कानुनको तथा योजना निर्माण र कार्यान्वयनको सन्दर्भमा स्थानीय तहका लक्षित वर्गले उपमेयरसँग गरिने सिर्जनशिल र सौम्य संवाद मार्फत सहभागिता सुनिश्चित गरिएको छ ।

यसअघि करिब डेढ सय जना प्रतिनिधिहरुको सहभागितामा नुवाकोटको बेलकोटगढी नगरपालिका र धादिङको निलकण्ठ नगरपालिकामा उपमेयरसँग आज कार्यक्रम निर्माण सम्पन्न गरी न्यूज २४ टेलिभिजन मार्फत प्रशारण गरिसकेको जानकारी गराउन चाहन्छौं । यो कार्यक्रम हरेक बिहिबार बेलुकी ९:३० र शुक्रबार दिउँसो ३:३० बजे प्रशारण भइरहेको छ ।

यसै सन्दर्भमा टोखा नगरपालिकाका प्रमुख, उप–प्रमुखज्यूहरुसँग यस कार्यक्रम छायांकन गर्ने सम्बन्धमा सहमति भए अनुसार कार्यक्रमको तेश्रो अंकको छायांकन मिति **२०७६ असार १७ गते मंगलबार** बिहान १०:०० बजे त्यस नगरपालिकाको वडा नं. ३ को कार्यालयको सभा हलमा गरिने हुँदा उक्त कार्यक्रमको लागि त्यस नगरपालिकाभित्रका प्रतिनिधिमूलक संस्था, सहकारी तथा समुहहरुबाट ***महिला, दलित, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, जनजाति, सिमान्तकृत समुदाय गरी १५० जना सहभागीहरु (नगरपालिकाको प्रत्येक वडाबाट कम्तिमा हरेक वर्गको २/२ जना प्रतिनिधिहरु रहने गरी)*** जुटाई सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

*सहयोगको लागि धन्यवाद ।*

भवदीय,

करिष्मा कार्की
प्रशासन प्रमुख

Daily TV Program
news24
Everyday 8:30 to 9:00 am
Everyday 11:30 to 12:00 Noon
ARANIKO
Weekly TV Programs
बालबालिकासँग मेयर
शिक्षा दर्पण
यातायात
Online News Portal
मेयर खबर
mayorkhabar.com